# नगर कार्यपालिकाको कार्यालय

गुलरिया, कंचनपुर
७ नं प्रदेश, नेपाल

कृष्णपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय गुलरिया, कञ्चनपुर ७ नं. प्रदेश, नेपाल २०७३

**आ.ब. २०७५/७६ को लागि ढुंगा, गिट्टी, बालुवा लगायतको कर तथा शुल्क संकलनको ठेक्का सम्बन्धी बोलपत्र आव्हवानको सूचना**

प्रथमं पटक प्रकाशित मिति: २०७५/०५/१६ गते

जिल्ला समन्वय समितिको मिति २०७५/०५/११ को निर्णयबाट स्वीकृत स्वीकृत प्रारम्भीक वातावरणीय मूल्यांकन (IEE) प्रतिवेदन तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को घ.(६), उपदफा (४) ञ तथा सोही ऐन को दफा ६४ को उपदफा (१) को च मा व्यवस्था भए बमोजिम यस न.पा. क्षेत्रभित्रबाट संकलन भई आन्तरिक खपत वा अन्य न.पा./गा.पा. निकासी पैठारीका लागि ढुंगा, गिट्टी, बालुवा, माटोमा आ.ब. २०७५/०७६ को लागि आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तोकिएको दररेटमा तपशील बमोजिमको विवरण र शर्तहरुको अधीनमा रही कर दस्तुर शुल्क संकलन गर्नका लागि ठेक्का लिन इच्छुक फर्म, कम्पनि वा व्यक्तिबाट तोकिएको न्युनतम अंकमा नघट्ने गरी यस नगरपालिकाबाट जारी गरेको बोलपत्र खरिद गरी पेश गर्न यो सुचना प्रकाशित गरिएको छ।

तपशिल:

| बोलपत्र/ ठेक्का नं | नदिजन्य सामाग्री, कर तथा दस्तुर संकलन क्षेत्र | न्युनतम ठेक्का मूल्य (मु.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर | संकलन गर्न पाउने अधिकतम परिमाण (घ.मि. ) | दररेट प्रति घनमिटर (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|---|
| 1/IR/75/76 | स्वीकृत प्रारम्भीक वातावरणीय प्रतिवेदन (IEE) मा उल्लेख भए बमोजिम कृष्णपुर नगरपालिकाका निम्न नदीहरुः मोहना, मछेली, बन्द र बनारा | रु.२,२८,१२,७००।- | रु. ५,०००।- | ढुंगा, गिट्टी, बालुवा: २,९१,३७३।- माटो: ३१,९८९।- | ढुंगा, गिट्टी, बालुवाको रु ७५।- माटो रु ३०।- |

**शर्तहरु**

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्र दाताले मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७५/०७६ सम्मको फर्म नबिकरण, आ.ब.२०७३/०७४ को आयकर चुक्ता प्रमाणपत्र पेश गरी सुचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र यसै कार्यालयबाट खरिद गरि ३१ औ दिनको १२:०० बजे सम्म शिलबन्दी बोलपत्र दाखिला गरी सक्नु पर्नेछ र रित पुऱ्याई प्राप्त हुन आएका बोलपत्र ३१ औ दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरु र नगरपालिका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र फाराम खरिद एबं दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो को तगत्तै पछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

२. बोलपत्र फाराम साथ धरौटी बापत मूल्य अभिवृद्धि कर समेत कुल कबोल अंकको ५ (पांच) प्रतिशतले हुने रकम जमानत स्वरुप यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंकमा रहेको धरौटी खाता नम्बर ४१८०३०३००७१०५ मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र पेश गर्ने सूचना प्रकाशन भएको मितिबाट कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको ग्यारेन्टी (बिड बन्ड) पेश गर्नु पर्नेछ।

३. बोलपत्रदाताले नेपाल सरकारको प्रचलित कानुन, ७ नं प्रदेश आर्थिक ऐन, २०७५ र सोको अधिनमा रही बन्ने कार्यविधि तथा IEE स्वीकृत गर्ने सम्बन्धी जिल्ला समन्वय समितिको मिति २०७५/०५/११ को निर्णय र IEE प्रतिवेदनको परिपालना गर्नुपर्नेछ।

४. आ.ब.२०७५/०७६ को लागि कर संकलन अवधि सम्झौतामा उल्लेख भएको मिति देखि २०७६ जेठ मसान्तसम्म हुनेछ।

५. बोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको थप छुट, मिनाहा वा माफी दिइने छैन।

६. कुल कबोल अंकलाई दुई किस्ता कायम गरिनेछ। पहिलो किस्ता बापत कुल कबोल अंकको ५०% हुन आउने रकम सम्झौता हुनु अगावै बुझाउनुपर्नेछ र बाँकी ५०% रकम पौष मसान्त भित्र बुझाउनु पर्नेछ। कुल कबोल अंकको एकमुस्ट रकम सम्झौताको समयमा नै अग्रिम बुझाएमा औचित्य हेरी मूल्य अभिवृद्धि कर बाहेक कबोल अंकको १०% सम्म छुट दिन सकिनेछ।

७. बोलपत्रमा दररेट अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ।

८. यस नगरपालिकाको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिइने छैन।

९. म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

१०. यस सूचनामा उल्लिखित शर्तहरुका अतिरिक्त सम्झौता पत्रमा उल्लेख भए अनुसारका शर्तहरु र अन्य विषयवस्तुहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

११. यस नगरपालिकाको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२. यस सम्बन्धी विस्तृत जानकारी www.krishnapurmun.gov.np, फोन नं ०९९४१०४६ वा कृष्णपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, गुलरिया, कञ्चनपुरबाट प्राप्त गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

मेघनाथ रिजाल
प्रमुख प्रशासकिय अधिकृत